# प्रदेश राजपत्र

गण्डकी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ०२) पोखरा, माघ ०२ गते, २०७६ साल (संख्या ०५

## भाग २

### प्रदेश सरकार

## उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको सूचना

### ताल संरक्षण तथा विकास प्राधिकरण नियमावली, २०७६

ताल संरक्षण तथा विकास प्राधिकरण ऐन, २०७५ को दफा २२ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी गण्डकी प्रदेश सरकारले देहायका नियमहरु बनाएको छ।

परिच्छेद – १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरुको नाम **"ताल संरक्षण तथा विकास प्राधिकरण नियमावली, २०७६"**रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

**(क)** **"ऐन"** भन्नाले ताल संरक्षण तथा विकास प्राधिकरण ऐन, २०७५ सम्झनु पर्छ ।

**(ख)** **"कर्मचारी"** भन्नाले प्राधिकरणमा वहाल रहेका कर्मचारी सम्झनु पर्छ ।

**(ग)** **"तालसंरक्षण क्षेत्र"** भन्नाले ताल र ताल वरपरको संरक्षण गर्न प्राधिकरणले निर्धारण गरेको क्षेत्र सम्झनु पर्छ ।

**(घ)** **"समिति"** भन्नाले ऐनको दफा ७ बमोजिम गठित कार्यकारी समिति सम्झनु पर्छ ।

**(ङ)** **"स्थानीय तह"** भन्नाले ताल रहेको स्थानसंग जोडिएका स्थानीय तह सम्झनु पर्छ ।

**(च)** **"स्थानीय ताल संरक्षण समिति"** भन्नाले नियम २६बमोजिम गठित स्थानीय ताल संरक्षण समिति सम्झनु पर्छ ।

**(छ)** **"जलाधार क्षेत्र"** भन्नाले ताल वा ताल वरिपरिको तोकिएको भूभाग सम्झनु पर्छ र सो शब्दले तालसम्म आउने नदी, खोला र वर्षाको पानीले बनाएको खहरे र खोल्सीलाई समेत जनाउनेछ।

**(ज)** **"संरक्षण"** भन्नाले वातावरण तथा राष्ट्रिय सम्पदाको सुरक्षा, सम्भार, सम्बर्द्धन, व्यवस्थापन तथा सदुपयोग सम्झनु पर्छ ।

**(झ)** **"जैविक विविधता"** भन्नाले पारिस्थितिकीय प्रणाली (इको सिस्टम) को विविधता, प्रजातीय विविधता (स्पेसिज डाइभर्सिटी) तथा बंशाणु विविधता (जेनेटिक डाइभर्सिटी) सम्झनु पर्छ ।

**(ञ)** **"पर्या-पर्यटन"** भन्नाले राष्ट्रिय सम्पदाको संरक्षण र स्थानीय समुदायको समृद्धिमा टेवा पुग्ने गरी शैक्षिक, मनोरञ्जनात्मक, भू-दृष्य अवलोकन तथा जानकारीमूलक उद्धेश्यले प्रकृतिप्रतिको जिम्मेवारीवोधका साथ गरिने विहार तथा भ्रमण कार्य सम्झनु पर्छ ।

**(ट)** **"भू-उपयोग प्रणाली"** भन्नाले जग्गाको उर्वराशक्ति बनाई राख्ने भौतिक तथा रासायनिक गुणहरुलाई कमजोर नपार्ने वा नष्ट हुन नदिने वा

कायम रहने किसिमले खेती वा अन्य कार्य गरी त्यस्तो जग्गाको दीर्घकालीन उपयोग गर्ने प्रक्रियालाई सम्झनु पर्छ ।

(ठ) **"राष्ट्रिय सम्पदा"** भन्नाले प्रदेशभित्रका प्राकृतिक, सांस्कृतिक, ऐतिहासिक, पुरातात्विक, वैज्ञानिक, आध्यात्मिक, सौन्दर्यपरक वा सामाजिक दृष्टिबाट मानव जातिका लागि महत्वपूर्ण मानिने वातावरणसँग सम्बन्धित कुनै पनि वस्तु, स्थल, वनस्पति तथा जीवजन्तु सम्झनु पर्छ ।

(ड) **"अनुमतिपत्र"** भन्नाले यस नियमावली बमोजिम प्रदान गरिने कुनै किसिमको अनुमतिपत्र सम्झनु पर्छ ।

## परिच्छेद २

## ताल तथा जलाधार क्षेत्र व्यवस्थापन

**३. ताल संरक्षण क्षेत्रको प्राथमिकीकरण र व्यवस्थापन:**(१) प्राधिकरणले पर्यावरणीय, वातावरणीय, सांस्कृतिक, आर्थिक र पर्यटकीय महत्वका आधारमा तालको संरक्षणका लागि अनुसूची-१ मा व्यवस्था भएको मापदण्डको आधारमा ताल तथा जलाधार क्षेत्रको प्राथमिकीकरण तथा वर्गिकरण गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको मापदण्डको आधारमा प्राधिकरणले ताल र तालले समेटेको क्षेत्रको संरक्षण, पुनर्स्थापना र व्यवस्थापन गर्नेछ ।

**४. कार्ययोजना वा मापदण्ड जारी गरी लागू गर्न सक्ने:**(१) प्राधिकरणले ताल तथा जलाधार क्षेत्रको संरक्षण र विकास सम्बन्धमा व्यवस्थापन कार्ययोजना तयार र कार्यान्वयन गर्न वा कुनै निर्माण सम्बन्धमा मापदण्ड तयार गरी लागू गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको योजना तयारी तथा कार्यान्वयन गर्न वा मापदण्ड तयारी कार्यको लागि प्राधिकरणले सरोकारवाला निकाय, व्यक्ति, समुदाय र विषय विज्ञसमेतको सहयोग तथा परामर्श लिन सक्नेछ।

(३) उपनियम (१) बमोजिम तयार भई प्राधिकरणको सिफारिस साथ पेश हुनआएको कार्ययोजना वा मापदण्ड समितिको बैठकबाट स्वीकृत भएपछि लागू हुनेछ ।

(४) उपनियम (३) बमोजिमको स्वीकृत कार्ययोजनाको कार्यान्वयन र मापदण्डको पालना गर्नु सम्बन्धित व्यक्ति, निकाय वा संस्थाको कर्तव्य हुनेछ ।

**५. कार्ययोजना तयार गर्ने:** (१) ताल तथा जलाधार क्षेत्र व्यवस्थापनको लागि स्थानीय ताल संरक्षण समितिले प्रत्येक ताल र तालको जलाधार क्षेत्रको भू-बनोट, जैविक विविधता, माटो, पानी, जलाधार क्षेत्रको बसोबासको तथा भू-उपयोग प्रणाली, तालमा आश्रित जनसमुदायको संख्या र अवस्था समेतको आधारमा ताल तथा जलाधार

व्यवस्थापन कार्ययोजना तयार गरी स्वीकृतिका लागि प्राधिकरण समक्ष पेश गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम ताल क्षेत्रको कार्ययोजना तयार गर्दा देहायका कुराहरु समावेश गर्नु पर्नेछ।

(क) तालको वास्तविक क्षेत्रफल (पानीले ढाकेको तथा नढाकेको), सिमाना, चारकिल्ला, तालको लम्वाई, चौडाइ, गहिराई र तालको नक्सा,

(ख) अतिक्रमित क्षेत्रको विस्तृत विवरणसहित अतिक्रमण हटाउने योजना,

(ग) ताल क्षेत्रमा पाईने जलचर, उभयचर, पंक्षी लगायतका जीवजन्तु तथा वनस्पतिको विवरण,

(घ) ताल वरपरको भू-स्वामित्व, ताल वरपरको भू-उपयोग प्रणाली,

(ङ) तालमा पाइने वस्तु तथा तालबाट उपलब्ध हुने सेवाहरुको विवरण,

(च) ताल संरक्षण तथा व्यवस्थापन सम्वन्धी कार्यक्रम र संरक्षणका उपायहरु,

(छ) तालमा प्राप्त हुने वस्तु तथा तालबाट उपलब्ध हुने सेवाको उपयोग तथा बिक्री सम्वन्धी वार्षिक योजना तथा विवरण,

(ज) तालमा आश्रित जनसमुदायलाई आवश्यक पर्ने वस्तु तथा सेवाहरुको वार्षिक विवरण,

(झ) कार्ययोजनाको अवधिभर वस्तु तथा सेवा बिक्री वितरणवाट प्राप्त हुने वार्षिक राजश्वको अनुमान।

(३) उपनियम (१) बमोजिम जलाधार क्षेत्रको कार्ययोजना तयार गर्दा अन्य कुराका अतिरिक्त देहायका कुराहरु समावेश गर्नु पर्नेछः-

(क) जलाधार क्षेत्रको सीमा सहितको अवस्थिति, क्षेत्रफल, वन वनस्पति लगायतको जैविक विविधता, मानव बस्तीहरु, भू-उपयोग प्रणाली, भौतिक पूर्वाधारहरु समेत खुल्ने नक्सा सहितको विवरण,

(ख) जलाधार क्षेत्रको वास्तविक क्षेत्रफल, चारकिल्ला तथा अतिक्रमित क्षेत्रको क्षेत्रफल चारकिल्ला लगायत विस्तृत विवरणसहित अतिक्रमण हटाउने योजना,

(ग) जलाधार क्षेत्रमा पाईने जलचर, उभयचर, पंक्षी लगायतका जीवजन्तु तथा वनस्पतिको विवरण,

(घ) जलाधार क्षेत्रमा बसोवास गर्ने मानिसहरुको टोल/भेग, जाति, वर्ग अनुसारका पेशा, व्यवसाय, आयआर्जनका श्रोतहरुको विवरण,

(ङ) जलाधार क्षेत्रमा बसोबास गर्ने मानिसहरुले ताल संरक्षण र विकासमा पुर्‍याएको योगदान र सो को प्रवर्द्धनको लागि आवस्यक थप उपायहरु,

(च) जलाधार क्षेत्रमा बसोवास गर्ने मानिसहरुको दैनिक क्रियाकलापबाट तालमा परेका नकारात्मक प्रभावहरु र न्यूनीकरणका उपायहरु,

(छ) जलाधार क्षेत्रमा रहेका पानीका श्रोत र मूलहरु, प्रवाह क्षेत्र, पानीको अनुमानित उत्पादन, उपभोक्ता र उपभोगको किसिम र त्यसको प्रभाव क्षेत्र समेत खुल्ने नक्सा तथा विवरण,

(ज) जलाधार क्षेत्रमा भएका खोला, खोल्सी, पहिरो, गल्छी, खहरे त्यसबाट पर्ने प्रभाव क्षेत्र समेत खुल्ने नक्सा तथा विवरण,

(झ) जलाधार क्षेत्रमा सञ्चालित खानी, उद्योग तथा व्यवसायहरुको विवरण,

(ञ) भू-संरक्षण, पर्यटन विकास, वातावरण र ऐतिहासिक सम्पदाको संरक्षण सम्बन्धी कार्यक्रम,

(ट) पर्यटन आकर्षणको लागि अति महत्व राख्ने,जलाधार क्षेत्रमा उत्पादन हुने र संभाव्य उत्पादनहरुको विवरण,

(ठ) जलाधार क्षेत्रमा देखिएका असरहरुको न्यूनीकरण र अनुकूलनको विस्तृत योजना,

(ड) जलाधार व्यवस्थापनका लागि उपयुक्त अन्य विवरणहरु।

(४) यसरी तयार भएको कार्ययोजनाको अवधि ५ (पाँच) वर्षको हुनेछ ।

६. **कार्ययोजना स्वीकृत गर्ने:** (१) नियम ५ उपनियम (१) बमोजिम तर्जुमा गरेको ताल तथा जलाधार क्षेत्र व्यवस्थापन कार्ययोजना स्वीकृतिको लागि कार्यकारी प्रमुखले समितिमा पेश गर्नेछ।

(२) उपनियम (१) बमोजिम तयार गरिएको ताल तथा जलाधार क्षेत्र व्यवस्थापन कार्ययोजनामा ताल तथा जलाधार क्षेत्रको संरक्षण तथा दिगो व्यवस्थापनका अल्पकालीन, मध्यमकालीन तथा दीर्घकालीन योजनासमेत समावेश भएको हुनु पर्नेछ।

(३) उपनियम (१) बमोजिम पेश हुन आएको कार्ययोजना समितिले परिमार्जनका लागि ऐनको दफा ९ बमोजिम गठित उप-समितिमा पठाउनु पर्नेछ।

(४) उपनियम (३) बमोजिमको उप-समितिबाट पेश भएको कार्ययोजना समितिले १५ (पन्ध्र) दिन भित्र स्वीकृत गरी लागू गर्नेछ।

(५) प्राधिकरणले कार्ययोजना आवश्यकतानुसार संशोधन गर्न सक्नेछ।

(६) प्राधिकरणले कार्ययोजना तयारी र संशोधन गर्न आवश्यक रकम व्यवस्था गर्नुपर्नेछ ।

७. **कार्ययोजना कार्यान्वयन तथा मूल्यांकनको व्यवस्थाः**(१) स्वीकृत ताल तथा जलाधार व्यवस्थापन कार्ययोजना प्राधिकरणको समन्वयमा सम्बन्धित स्थानीय ताल संरक्षण समितिले कार्यान्वयन गर्नेछ ।

(२) उप नियम (१) बमोजिम कार्यन्वयनमा रहेका प्रदेश भित्रका सम्पूर्ण तालहरुको व्यवस्थापन कार्ययोजनाको कार्यान्वयन अवस्थाको प्रदेश वन निर्देशक वा निजले तोकेको अधिकृतले (६/६ महिनामा)अनुगमन तथा मूल्याकंन गरी उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयमा प्रतिवेदन पेश गर्नु पर्नेछ र सो प्रतिवेदनको एक प्रति जानकारीको लागि ताल संरक्षण तथा विकास प्राधिकरणमा पठाउनु पर्ने छ ।

८. **अतिक्रमण हटाउनेः** (१) प्राधिकरणले प्रचलित कानून अनुसार सम्बन्धित निकायहरुसँगको समन्वय र सहकार्यमा तालको स्वीकृत कार्ययोजनामा यकिन गरिएका ताल तथा ताल संरक्षण क्षेत्रको सिमाङ्कन गर्नेछ ।

(२) उपनियम (१) बमोजिम सिमाङ्कन भएको ताल संरक्षण क्षेत्रभित्र अतिक्रमण गरी बनाइएका भौतिक संरचना हटाउन तथा अतिक्रमित जग्गा छोड्न बढीमा ३ महिनाको अवधि तोकी सूचना जारी गर्नुपर्नेछ।

(३) उपनियम (२) बमोजिमको सूचना / आदेशमा तोकिएको समयभित्र सम्बन्धित पक्षले अतिक्रमित क्षेत्र छोड्ने र संरचना भत्काई खाली गर्नु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम सम्बन्धित पक्षले संरचना नभत्काएमा वा अतिक्रमित जग्गा नछोडेमा प्राधिकरण आफैले सम्बन्धित निकायहरुसँगको समन्वय र सहयोगमा प्रचलित कानून बमोजिम त्यस्ता संरचना भत्काई संरक्षण क्षेत्र खाली गर्नु पर्नेछ ।

(५) उपनियम (४) बमोजिम संरचना भत्काइ खाली गर्दा लाग्ने खर्च प्राधिकरणले सम्बन्धित पक्षबाट प्रचलित कानून बमोजिम सरकारी बाँकी सरह असुल उपर गर्नु पर्नेछ ।

९. **विवाद व्यवस्थापन तथा क्षतिपूर्ति:**(१) ताल तथा जलाधार क्षेत्रको दिगो संरक्षण तथा व्यवस्थापनको लागि गरिने ताल संरक्षण क्षेत्रको सिमाङ्कन गर्दा, अतिक्रमण हटाउँदा, तालका वस्तु तथा सेवाहरुको बिक्रीवितरण लगायतका कार्य गर्दा चित्त नबुझ्ने व्यक्ति, समुदाय, संस्था, निकायले अनुसूची –२ बमोजिमको ढाँचामा स्थानीय ताल संरक्षण समितिमा निवेदन दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम पर्न आएको निवेदन स्थानीय ताल संरक्षण समितिले आफ्नो रायसहित प्राधिकरणमा पठाउनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम प्राप्त उजुरीका सम्बन्धमा कार्यकारी प्रमुखले आवश्यक जाँचबुझ गरी राय सुझावसहितको प्रतिवेदन समितिमा पठाउनु पर्नेछ ।

(४) उपनियम (३) बमोजिमको प्रतिवेदन समितिमा प्राप्त भएमा समितिले छानविनका लागि ऐनको दफा ९ बमोजिमको उपसमितिमा पठाउन सक्नेछ।

(५) समितिले उपनियम (४) बमोजिम उपसमितिको राय सुझाव समेतलाई विचार गरी क्षतिपूर्ति दिने लगायतका उपयुक्त निर्णय गर्न सक्नेछ ।

## परिच्छेद-३

## तालको वस्तु तथा सेवा उपयोग सम्बन्धी व्यवस्था

१०. **तालको वस्तु तथा सेवा उपयोग गर्न नपाईने:**(१) कार्ययोजनामा वर्ष भरीमा उपभोग, संकलन तथा बिक्रीवितरण गर्न तोकिएको परिमाणभन्दा बढी हुने गरी तालको वस्तु तथा सेवा उपयोग गर्न पाईने छैन ।

(२) उपनियम (१) मा जुनसूकै कुरा लेखिएको भए तापनि तालमा आश्रित जनसमुदायलाई पिउने पानी तथा जाति विशेषका संस्कारजन्य कार्यहरु गर्न कार्ययोजनाले तोकेको वार्षिक परिमाणको हदले बाधा पु-याएको मानिने छैन ।

११. **तालको वस्तु तथा सेवा उपयोग गर्न अनुमति लिनु पर्ने:**(१) तालको वस्तु तथा सेवा उपयोग गर्न चाहने व्यक्ति, निकाय, संस्थाले स्थानीय ताल संरक्षण समिति समक्ष अनुसूचि – ३ बमोजिमको ढाँचामा दरखास्त दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम निवेदन पर्न आएमा स्थानीय ताल संरक्षण समितिले आवश्यक जाँचबुझ गरी कार्ययोजना बमोजिमको परिमाण समेतलाई विचार गरी कार्ययोजनामा तोकिए बमोजिमको मूल्य, शुल्क वा दस्तुर अग्रिम रुपमा संकलन गरी अनुसूची– ४ बमोजिमको ढाँचामा वस्तु तथा सेवा उपयोग गर्न अनुमतिपत्र दिन सक्नेछ।

१२. **वस्तु तथा सेवा बिक्री वितरण सम्बन्धी व्यवस्था:**प्राधिकरणले तालमा आश्रित, तालको जलाधार क्षेत्रमा बसोवास गर्ने बासिन्दा लगायत स्वदेशी तथा विदेशी सेवाग्राही

(पर्यटक) हरुको हितलाई ध्यानमा राखी वस्तु तथा सेवा बिक्रिवितरण कार्य सहज र प्रभावकारी बनाउन नियम २३ बमोजिमको स्थानीय ताल संरक्षण समितिलाई अधिकार प्रत्यायोजन गर्न सक्नेछ ।

परिच्छेद-४

**कार्यकारी प्रमुखको छनौट सम्बन्धि कार्यविधि**

**१३. सूचना प्रकाशनः** (१) ऐनको दफा १४(४) बमोजिम गठित छनौट समितिले कार्यकारी प्रमुखको लागि योग्य व्यक्तिहरु मध्येबाट सार्वजनिक रुपमा १५ दिनको समय दिई व्यवसायिक कार्ययोजना तथा व्यक्तिगत विवरण (Curriculum Vitae) माग गरी सूचना प्रकाशन गर्नेछ।

(२) उपनियम (१) बमोजिमको सूचना राष्ट्रियस्तरको दैनिक पत्रिकामा र मन्त्रालयको वेभसाइटमा प्रकाशन गरिनेछ।

**१४. विवरण पेश गर्नु पर्नेः** योग्यता पुगेका इच्छुक व्यक्तिहरुले सूचनामा तोकिएको समयभित्र तोकिएको स्थानमा व्यवसायिक कार्ययोजना तथा आफ्नो योग्यता र अनुभव खुल्ने गरी व्यक्तिगत विवरण (Curriculum Vitae) पेश गर्नु पर्नेछ।

**१५. रोष्टर तयार गर्नेः** छनौट समितिले नियम १४ बमोजिम पेश भएका विवरण बमोजिमका उम्मेदवारहरू र छनौट समितिले उपयुक्त देखेका अन्य योग्य व्यक्तिहरुको नाम समावेश गरी रोष्टर तयार गर्नेछ।

**१६. व्यवसायिक कार्ययोजना पेश गर्नुपर्ने :** (१) उम्मेदवारहरुले देहायका विषयहरु समेत समेटी प्राधिकरणको दीर्घकालिन सोच सहितको व्यवसायिक कार्ययोजना पेश गर्नुपर्नेछ ।

(क) ताल र जलाधारको दिगो संरक्षण, सम्वर्द्धन, प्रवर्द्धन,पुनर्स्थापना सम्बन्धी विषय

(ख) ताल तथा जलाधार संरक्षण क्षेत्रको व्यवस्थापनको विषय

(ग) श्रोत साधनको दिगो परिचालन तथा व्यवस्थापनको विषय

(घ) समन्वय, सहकार्य र साझेदारीको विषय

(२) छनौट समितिले उपयुक्त देखी नियम १५ बमोजिम रोष्टरमा नाम समावेश गरेका व्यक्तिहरुसँग निश्चित समय तोकी व्यक्तिगत विवरण तथा उपनियम (१) बमोजिमको व्यवसायिक कार्ययोजना पेश गर्न लगाउनेछ ।

**१७. प्रस्तुतीकरणका लागि छनौट गर्नेः** (१) छनौट समितिले नियम १५ बमोजिम तयार गरेको रोष्टरमा नाम समावेश भएका व्यक्तिहरु मध्येबाट व्यक्तिगत विवरण र व्यवसायिक कार्ययोजनाको मूल्याङ्कन गरी व्यवसायिक कार्ययोजनाको प्रस्तुतीकरणको लागि उपयुक्त उम्मेदवारहरु छनौट गर्नेछ।

(२) उपदफा (१) बमोजिम मूल्याङ्कन गर्दा व्यक्तिगत विवरणलाई ३० र व्यवसायिक कार्ययोजनालाई ७० अङ्क गरी पूर्णाङ्क १०० कायम गरिनेछ।

(३) उपदफा (१) बमोजिम छनौट भएका उम्मेदवारहरुलाई व्यवसायिक कार्ययोजनाको प्रस्तुतीकरणका लागि मिति, समय र स्थान तोकी सूचना दिइनेछ।

१८. **प्रस्तुतीकरणः** (१) नियम १७ बमोजिम छनौट भएका उम्मेदवारहरुले तोकिएको मिति, समय र स्थानमा व्यवसायिक कार्ययोजनाको प्रस्तुतीकरण गर्नु पर्नेछ।

(२) कार्ययोजनाको प्रस्तुतीकरणको मूल्याङ्कनको पूर्णाङ्क१०० हुनेछ।

(३) कार्ययोजनाको प्रस्तुतीकरणको मूल्याङ्कन गर्दा देहायका कुराहरु समेतलाई आधार लिइनेछः-

(क) प्रस्तुतीको सान्दर्भिकता,

(ख) आत्मविश्वासको स्तर,

(ग) समन्वय, सहकार्य र नेतृत्व गर्न सक्ने क्षमता,

(घ) आलोचना सुन्ने र सुधार गर्ने क्षमता।

(४) उपदफा (१) बमोजिम तोकिएको मिति, समय र स्थानमा प्रस्तुतीकरणका लागि उपस्थित नहुने उम्मेदवारलाई समितिले अन्यथा निर्णय गरेकोमा बाहेक मूल्याङ्कन प्रक्रियामा समावेश गरिने छैन।

१९. **सिफारिसः** (१) छनौट समितिले नियम १७ र १८ को विषयबाट प्राप्त योगको आधारमा अधिकत्तम अंक प्राप्त गर्ने तीन जना उम्मेदवारहरुको नाम वर्णानुक्रमको आधारमा ऐनको दफा १४ को उपदफा (५) को प्रयोजनका लागि प्रदेश सरकारमा सिफारिस गर्नेछ।

(२) उपनियम (१) बमोजिम सिफारिस भएका व्यक्तिहरुमध्ये एक जनालाई प्रदेश सरकारले कार्यकारी प्रमुखको पदमा नियुक्त गर्नेछ ।

(३) उपनियम (२) बमोजिम नियुक्त कार्यकारी प्रमुखले ऐनको दफा (७) बमोजिम गठित कार्यकारी समितिका अध्यक्षसंग कार्य सम्पादन करार गर्नु पर्नेछ ।

(४) मन्त्रालयले कार्य सम्पादन करार बमोजिम कार्य भए/नभएको मूल्यांकन गर्नेछ ।

२०. **कार्यकारी प्रमुखको पुनः नियुक्तिः** (१) कार्यकारी प्रमुखलाई देहायको अवस्थामा पुनः नियूक्ति गर्न उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले प्रदेश सरकारमा पेश गर्नेछ ।

(क) नियम १४ को उपनियम (२) को खण्ड (ठ) बमोजिम गरिएको वार्षिक कार्य सम्पादन करारको मूल्याङ्कनमा ७५ प्रतिशत भन्दा बढी अंक प्राप्त गरेको ।

(ख) चार वर्षको वार्षिक कार्यक्रमको समष्टिगत प्रगति ८० प्रतिशत भन्दा माथि भएको ।

(ग) मन्त्रालय, समिति, उपसमिति तथा स्थानीय ताल संरक्षण समितिहरुको बीचमा सुमधुर सम्बन्धबाट ताल तथा जलाधार क्षेत्रको दिगो व्यवस्थापनमा सहयोग पुगेको प्रत्यक्ष नतिजा देखिएमा ।

(२) उपनियम (१) को खण्ड (क) बमोजिम वार्षिक कार्य सम्पादन करारको मूल्याङ्कनमा ७५ प्रतिशत भन्दा कम अंक प्राप्त गरेमा कार्यसम्पादन स्तर सन्तोषजनक मानिने छैन ।

(३) उपनियम (२) बमोजिम कार्यसम्पादन स्तर सन्तोषजनक नभएको भनी उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालयको सिफारिससहित पेश भएमा प्रदेश सरकारले प्राधिकरणको कार्यकारी प्रमुखको पदबाट हटाउन सक्नेछ।

(४) उपनियम (३) को बमोजिम पदबाट हटाउनुपूर्व निजलाई सफाईको मौका दिनुपर्नेछ ।

परिच्छेद-५

## कार्यकारी प्रमुखको काम, कर्तव्य र अधिकार

२१. **कार्यकारी प्रमुखको काम, कर्तव्य र अधिकारः** (१) अध्यक्षको सामान्य निर्देशन र नियन्त्रणमा रही प्राधिकरणको प्रशासकीय काम कारवाई सञ्चालन गर्नु कार्यकारी प्रमुखको प्रमुख कर्तव्य हुनेछ ।

(२) ऐनको दफा १५ मा उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त कार्यकारी प्रमुखको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) स्थानीय ताल संरक्षण समितिले तर्जुमा गरी पठाएको कार्ययोजना स्वीकृत तथा संशोधनका लागि समितिमा पेश गर्ने।

(ख) प्राधिकरणमा प्राप्त हुन आएका उजूरी निवेदन, स्पष्टीकरण र प्रतिवेदन दर्ता गर्ने/ गराउने,

(ग) आफू मातहतका कर्मचारीहरू बीच कामको बाँडफाट गर्ने,

(घ) प्राधिकरणमा छलफलको लागि पेश गर्नु पर्ने विषयवस्तु तयार गरी पेश गर्ने/गराउने,

(ङ) प्राधिकरणको कामसँग सम्बन्धित विषयमा प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा संलग्न कर्मचारी तथा सरोकारवालाहरुको क्षमता र

प्रभावकारिता अभिबृद्धि सम्बन्धी सिर्जनशील कार्यक्रम संचालन गर्ने/गराउने,

(च) प्राधिकरणको कामसँग सम्बन्धित विषयमा अध्ययन, अन्वेषण गर्ने/गराउने,

(छ) प्राधिकरणको कामसँग सम्बन्धित विषयका संघसंस्थाहरूसँग आवश्यक सम्पर्क र समन्वय गर्ने/गराउने,

(ज) प्रदेश सरकारका कार्यालय, नागरिक समाज र अन्य सम्बद्ध निकायहरूसँग प्राधिकरणको तर्फबाट समन्वय कायम गर्ने /गराउने,

(झ) प्राधिकरणले आदेश तथा निर्देशन दिए बमोजिमका अन्य कार्य गर्ने/गराउने,

(ञ) प्राधिकरणका निर्णय कार्यान्वयन गर्न आवश्यक पर्ने अन्य कामहरू गर्ने/गराउने,

(ट) खण्ड (क) देखि (झ) सम्मको काम, कर्तव्य तथा अधिकारको पालना गर्दा गराउँदा आवश्यक पर्ने अन्य काम गर्ने/गराउने ।

(ठ) प्राधिकरणले वर्षभरी गरेका कार्यहरुको सम्बन्धमा अनुसूची- ५ बमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरी समिति तथा मन्त्रालय समक्ष पेश गर्ने ।

(३) कार्यकारी प्रमुखले आफूलाई प्राप्त अधिकार मध्ये कुनै अधिकार प्राधिकरणको अधिकृतस्तरको कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

## परिच्छेद– ६

## <u>स्थानीय ताल संरक्षण समिति सम्बन्धी व्यवस्था</u>

२२. **<u>स्थानीय ताल संरक्षण समिति गठनः</u>**(१) ऐनको दफा १० बमोजिम समितिले स्थानीय जनसमुदाय, स्थानीय सरकार, ताल संरक्षणमा संलग्न पक्ष एवं सरोकारवालाहरुसँगको समन्वयमा प्रत्येक तालको लागि देहाय बमोजिमको १/१ स्थानीय ताल संरक्षण समिति गठन गर्न सक्नेछ ।

(क) कार्यकारी समितिले मनोनित गरेको सम्बन्धित स्थानीय तहको प्रमुख वा अध्यक्ष वा उपप्रमुख वा अध्यक्ष वा सरोकारवाला व्यत्ति -अध्यक्ष

(ख) सम्बन्धित वडाका वडा अध्यक्ष -सदस्य

(ग) ताल जलाधार क्षेत्रमा अवस्थित गाँउवस्तीका प्रत्येक टोल/भेगको प्रतिनिधित्व हुने गरी कम्तीमा ३ जना महिला समेत प्राधिकरणले तोकेको ७ जना - सदस्य

(घ) सम्बन्धित ताल वा नजिकको तालमा रहेको मत्स्य विकास केन्द्रको प्रमुख १ जना - सदस्य

(ङ) कार्यकारी समितिले मनोनित गरेको सम्बन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत वा कर्मचारी -सदस्य सचिव

(२) उपनियम (१) को खण्ड (ग) बमोजिमका सदस्यहरुको पदावधि चार वर्षको हुनेछ ।

(३) उपनियम (२) बमोजिम गठित ताल संरक्षण समितिको काम कारवाहीको लागि आफ्नो छुट्टै छाप हुनेछ ।

२३. **स्थानीय ताल संरक्षण समितिका पदाधिकारीहरुको योग्यता तथा पद रिक्त हुनसक्ने अवस्थाः** (१) स्थानीय ताल संरक्षण समितिको नियम २३ को उपनियम (१)को खण्ड (ग) बमोजिमको सदस्य हुनको लागि देहाय बमोजिमको योग्यता पुगेको हुनु पर्नेछ।

(क) सम्बन्धित ताल जलाधार रहेको पालिकामा स्थायी रुपमा बसोबास गरेको,

(ख) मानसिक अवस्था ठीक भएको,

(ग) नैतिक पतन देखिने फौजदारी अभियोग नलागेको,

(घ) २५ वर्ष पूरा भएको,

(२) देहायको अवस्थामा नियम २३ को उपनियम (१) को खण्ड (ग) बमोजिमका सदस्यहरुको पद रिक्त हुनेछ ।

(क) निजले समितिको अध्यक्ष समक्ष राजीनामा दिएमा,

(ख) निजको मृत्यु भएमा,

(ग) निजको कार्यसम्पादन सन्तोषजनक नभएको भनी स्थानीय ताल संरक्षण समितिको सिफारिशमा प्राधिकरणले हटाएमा,

(घ) निजको पदावधि पूरा भएमा,

(ङ) विना सूचना लगातार ३ वटा भन्दा बढी बैठकमा अनुपस्थित भएमा,

(३) उपनियम (२) को खण्ड (ग) बमोजिम पदबाट हटाउनुपूर्व निजलाई उचित सफाईको मौका दिनुपर्नेछ ।

२४. **<u>स्थानीय ताल संरक्षण समितिमा सदस्य मनोनित गर्ने मापदण्डः</u>** (१) नियम २३ को उपनियम (१) को खण्ड (ग) बमोजिम स्थानीय ताल संरक्षण समितिमा मनोनित हुने सदस्यहरुको लागि देहाय बमोजिमको मापदण्डको आधारमा सम्बन्धित स्थानीय तहको प्रमुख वा अध्यक्षले प्रत्येक सदस्यको लागि २ जनाको दरले १४ जनाको नाम प्राधिकरणमा सिफारिस गर्नेछ।

(क) भएका ताल तथा सिमसार क्षेत्र वरपरका बासिन्दाको प्रतिनिधित्व हुने गरी ४ जना,

(ख) ताल तथा सिमसार क्षेत्रहरुको संरक्षण तथा व्यवस्थापनको लागि गठित ताल सिमसार संरक्षण समितिमा कम्तिमा ३ वर्षको कार्य अनुभव भएका व्यक्तिहरु मध्येबाट प्रतिनिधित्व हुने गरी २ जना,

(ग) वन तथा वातावरण क्षेत्रमा सरकारी तथा गैर सरकारी निकायमा कम्तिमा ५ वर्षको कार्य अनुभव भएका जलाधार क्षेत्रको बासिन्दा मध्येबाट प्रतिनिधित्व हुने गरी ४ जना,

(घ) भू तथा जलाधार क्षेत्रमा सरकारी तथा गैर सरकारी निकायमा कम्तिमा ५ वर्षको कार्य अनुभव भएका जलाधार क्षेत्रको बासिन्दा मध्येबाट प्रतिनिधित्व हुने गरी २ जना,

(ङ) पर्यटन प्रवर्धन क्षेत्रमा सरकारी तथा गैर सरकारी निकायमा कम्तिमा ५ वर्षको कार्य अनुभव भएका जलाधार क्षेत्रको बासिन्दा मध्येबाट प्रतिनिधित्व हुने गरी २ जना

(२) उपनियम (१) बमोजिम सदस्यहरुको नाम सिफारिस गर्दा जलाधार क्षेत्रको गाउ/भेगको स्पष्ट प्रतिनिधित्व हुने गरी गर्नुपर्नेछ।

(३) उपनियम (१) बमोजिम सिफारिस भएका १४ जना मध्येबाट प्राधिकरणले ७ जना मनोनित गर्नेछ ।

२५. **<u>स्थानीय ताल संरक्षण समितिको काम, कर्तव्य र अधिकारः</u>** (१) स्थानीय ताल संरक्षण समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछः-

(क) ताल तथा जलाधार व्यवस्थापन कार्ययोजना तयारी, संशोधन तथा ताल अतिक्रमण हटाई ताल क्षेत्र पुर्नस्थापना गर्ने कार्यमा प्राधिकरणलाइ सहयोग गर्ने,

(ख) ताल तथा जलाधार व्यवस्थापन कार्ययोजना बमोजिम ताल संरक्षण, विकास तथा सदुपयोगको कार्य गर्ने /गराउने,

(ग) प्रदेश सरकार, मन्त्रालय, प्रदेश वन निर्देशनालय, सम्बन्धित भू तथा जलाधार व्यवस्थापन कार्यालय र ताल संरक्षण तथा विकास प्राधिकरणवाट प्राप्त नीति निर्देशनको कार्यान्वयन गर्ने /गराउने,

(घ) स्थानीय ताल संरक्षण समितिको नियमित तथा आकस्मिक बैठक बसी समसामयिक विषयहरुमा छलफल गर्ने,

(ङ) खण्ड (घ) बमोजिम भएका समितिका निर्णयहरु आवश्यकता अनुसार सार्वजनिकीकरण गर्नुको साथै प्रदेश सरकार, प्रदेश वन निर्देशनालय, सम्बन्धित भू तथा जलाधार व्यवस्थापन कार्यालय र ताल संरक्षण तथा विकास प्राधिकरणलाई जानकारी गराउने,

(च) स्थानीय ताल संरक्षण समितिले आफूले गरेको कामको चौमासिक तथा वार्षिक प्रतिवेदन तोकिएको समय भित्र प्राधिकरणमा पठाउने,

(छ) तालको नियमित आम्दानीको श्रोत कायम राख्न निम्नानुसारका कार्य गर्ने,

(अ) बिक्री हुने वस्तु तथा सेवाहरुको सूची तयार गर्ने,

(आ) वस्तु तथा सेवाको मूल्य, शुल्क वा दस्तुर निर्धारण गर्ने,

(इ) वस्तु तथा सेवा बिक्री वितरणको सिजन, समय र तरिकाहरु तोक्ने,

(ई) वस्तु तथा सेवा बिक्रीवितरणको व्यवस्था मिलाउने,

२६. **स्थानीय ताल संरक्षण समितिको बैठकः** (१) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा वस्नेछ ।

(२) समितिको सम्पूर्ण सदस्य संख्याको एकाउन्न प्रतिशत सदस्य उपस्थित भएमा बैठकको गणपूरक संख्या पुगेको मानिनेछ ।

(३) समितिको वैठक वर्षको कम्तिमा ३ पटक बस्नेछ र एउटा वैठक र अर्को बैठकको अन्तर ४ महिना भन्दा बढी हुने छैन।

(४) बैठकको निर्णय सदस्य सचिव र अध्यक्षद्धारा प्रमाणित गरिनेछ ।

(५) स्थानीय ताल संरक्षण समितिको बैठक सम्वन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

परिच्छेद–७

## विविध

२७. **कार्यकारी समितिमा सदस्य मनोनयन :** ऐनको दफा ७ को उपदफा (२) को खण्ड (ञ) र (ट) बमोजिम कार्यकारी समितिमा सदस्यहरुको मनोनयन गर्ने प्रयोजनका लागि मन्त्रालयले प्रदेश सरकार मन्त्रीपरिषद समक्ष नाम सिफारिस गर्नेछ ।

२८. **प्राधिकरणको कर्मचारीः** प्रदेश सरकारले प्राधिकरणको संगठन तथा व्यवस्थापन सर्वेक्षण गराई स्वीकृत संरचना बमोजिमको प्रदेश निजामती कर्मचारी काजमा खटाउन सक्नेछ ।

२९. **आदेश प्रमाणित गर्ने तथा अभिलेख राख्नेः** प्राधिकरणका आदेश वा निर्णयहरु प्राधिकरणको कार्यकारी प्रमुखले प्रमाणित गरी सोको अभिलेख राख्नु पर्नेछ ।

३०. **आर्थिक कार्य संचालनः** प्राधिकरणको आर्थिक कार्य संचालन सम्बन्धी प्रक्रिया प्रचलित कानून बमोजिम हुनेछ।

३१. **अधिकार प्रत्यायोजनः** प्राधिकरणले यस नियमावली बमोजिम आफूलाई प्राप्त अधिकारहरु मध्ये आवश्यकता अनुसार केही अधिकार स्थानीय ताल संरक्षण समिति र आफू मातहतका अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

३२. **शपथः** (१) ऐनको दफा ७ को उपदफा (२) को खण्ड (ञ) र (ट) बमोजिम मनोनित समितिका सदस्य तथा कार्यकारी प्रमुखले आफ्नो पदको कार्यभार सम्हाल्नु अघि अध्यक्ष समक्ष अनुसूची- ६ मा तोकिए बमोजिम पद तथा गोपनीयताको शपथ लिनुपर्नेछ ।

(२) नियम २३ को उपनियम (१) को खण्ड (ग) र (घ) बमोजिम मनोनित सदस्यले आफ्नो पदको कार्यभार सम्हाल्नु अघि सम्बन्धित स्थानीय ताल संरक्षण समितिका अध्यक्ष समक्ष अनुसूची -६ मा तोकिए बमोजिम पद तथा गोपनीयताको शपथ लिनुपर्नेछ ।

३३. **निर्देशिका बनाउनेः** प्राधिकरणले तालको संरक्षण, पुनर्स्थापना र व्यवस्थापन गर्न ऐन र यस नियमावलीको प्रतिकूल नहुनेगरी आवश्यक विनियम वा कार्यविधि वा निर्देशिका बनाई लागू गर्न सक्नेछ ।

**अनुसूची- १**

(नियम ३ सँग सम्बन्धित)

ताल संरक्षण क्षेत्रको वर्गिकरण

| क स | सूचक (आधार) | उप-सूचक | अंकभार | कैफियत |
|---|---|---|---|---|
| १ | **तालको जलाधार क्षेत्रफल** | | **१५** | |
| | | ▪ १०० ब. कि. मी. भन्दा बढी क्षेत्रफल | ७ | |
| | | ▪ ५० देखि १०० ब.कि.मी. सम्म क्षेत्रफल भएको | ५ | |
| | | ▪ ५० ब. कि. मी. भन्दा कम क्षेत्रफल भएको | ३ | |
| २ | **ताल सिमाना अतिक्रमणको अवस्था** | | **२०** | |
| | | ▪ सिमाना अतिक्रमण नभएको | ८ | |
| | | ▪ २५ प्रतिशत भन्दा कम सिमाना अतिक्रमण भएको | ६ | |
| | | ▪ ५० प्रतिशत भन्दा कम सिमाना अतिक्रमण | ४ | |
| | | ▪ ५० प्रतिशत भन्दा बढी सिमाना अतिक्रमण | ३ | |
| ३ | **भौतिक पूर्वाधार** | | **१५** | |
| | | ▪ बाटोको पहुंच | ४ | |
| | | ▪ पौडी खेल्ने क्षेत्र व्यवस्थापन | ३ | |
| | | ▪ होटल रेष्टुराँहरुको उपलब्धता | ३ | |
| | | ▪ स्थानीय उत्पादनको प्रयाप्तता | ५ | |
| ४ | **तालबाट प्राप्त सेवाहरु** | | **२०** | |
| | | ▪ जलचरको प्रचुरता (प्रजाति संख्याको आधारमा) | ५ | |
| | | ▪ वनस्पतिको प्रचुरता(प्रजाति संख्याको आधारमा) | ५ | |
| | | ▪ पिउने पानी तथा सिंचाइको | ५ | |

| | | | | |
|---|---|---|---|---|
| | | सुविधा | | |
| | | ▪ जलश्रोत (पानी मूहान) को स्थायित्व | ५ | |
| ५ | **स्थानीयबासी (माझी, बोटे, ..... आदि) आश्रितीको अवस्था** | | **१५** | |
| | | ▪ ५०० भन्दा बढी आश्रित घरपरिवार | ७ | |
| | | ▪ २०० देखि ५०० सम्म आश्रित घरपरिवार | ५ | |
| | | ▪ २०० भन्दा कम आश्रित घरपरिवार | ३ | |
| ६ | **पर्यटक आगमन (आन्तरिक वा बाह्य)** | | **१५** | |
| | | १००० जना भन्दा बढी | ७ | |
| | | ५०० जना देखि ८०० जना सम्म | ५ | |
| | | ५०० जना भन्दा कम | ३ | |
| | **जम्मा** | | १०० | |
| उपरोक्त अनुसारको मुल्याङ्कनमा ७५ भन्दा बढी अंक ल्याउने 'क' वर्ग, ५० देखि ७५ अंक ल्याउने 'ख' वर्ग र ५० भन्दा कम अंक ल्याउने 'ग' वर्गको ताल मानिनेछ । | | | | |

## अनुसूचि - २

(नियम ९ सँग सम्बन्धित)

**जाहेरी निवेदन ढाँचा**

श्री ....................................................

..................................., ताल संरक्षण समिति, ................................ .    ।

१.प्राधिकरणले ताल तथा जलाधार क्षेत्रको दीगो संरक्षण तथा व्यवस्थापनको लागि गरिएका कार्यले आफू र आफ्नो निजी सम्पत्तिमा परेको नोक्सानीको क्षतिपूर्ति पाउँ ।

क) स्थानः

ख) समस्याः

ग) क्षतिको कारणः

घ) क्षतिको विवरणः

**२.मागदावी पुष्टी हुने संलग्न कागजातहरुः**

(क) नागरिकताको प्रतिलिपी

(ख) जग्गाधनी प्रमाणपूर्जाको प्रतिलिपी

(ग) चालु वर्षको मालपोत बुझाएको रसिदको प्रतिलिपी

(घ) जग्गाको कित्ता देखिने नापिको सक्कल नक्सा

(ङ) क्षतिको विवरण झल्कीने फोटो

(च) अन्य केही थप प्रमाण

**३.जाहेरी गर्ने व्यक्ति, समुदाय, संस्था वा निकायकोः**

नामः

ठेगानाः स्थायीः                    अस्थायीः

सम्पर्क न.

नागरिकताः                    विदेशी नागरिक भए देश र राहादानी नः

दस्तखतः                    मितिः

**अनुसूचि-३**

(नियम ११ सँग सम्बन्धित)

**वस्तु तथा सेवा उपयोग गर्न अनुमतिपत्रको दरखास्त**

श्री ...................................................

...................................., ताल संरक्षण समिति, .................................. .   ।

१.--------------------------------------- तालको ..........................दिशातर्फ ............................................... स्थान / खण्डमा .................................. ......... ...................... वस्तु/ सेवा लिन/उपयोग गर्न अनुमतिपत्र पाउँ ।

**२. उपयोग गर्न चाहेको वस्तु तथा सेवा सम्बन्धी विवरणः**

(क) वस्तु तथा सेवाको नामः

(ख) वस्तु तथा सेवा प्राप्त गर्न चाहेको क्षेत्रको नामः

(ग) वस्तु तथा सेवाको किसिम र परिमाणः

(घ) वस्तु तथा सेवा लिन चाहेको प्रयोजनः

(ङ) वस्तु तथा सेवा प्रयोग गर्ने ठाउः

(च)वस्तु तथा सेवा प्रयोग गर्ने व्यक्ति संख्याः

(छ)वस्तु तथा सेवा प्रयोग गर्ने अवधिः

**३. वस्तु तथा सेवा प्रयोग गर्ने व्यक्ति, समुदाय, संस्था वा निकायकोः**

नामः

ठेगानाः स्थायीः अस्थायीः

सम्पर्क न.

नागरिकताः

विदेशी नागरिक भए देश र राहादानी नः

दस्तखतः

मितिः

**अनुसूचि-४**

(नियम ११ को उपनियम (२) सँग सम्बन्धित)

प्रदेश सरकार

गण्डकी प्रदेश

ताल संरक्षण तथा विकास प्राधिकरण

............................................. ताल संरक्षण समिति

सि. नं.

मितिः

<u>अनुमतिपत्र</u>

अनुमतिपत्र लिने व्यक्तिको नाम थर वतनः

उमेरः

नागरिकताः

उपयोग गर्न चाहेको वस्तु तथा सेवाको नाम किसिम तथा परिमाणः

वस्तु तथा सेवा उपयोग गर्न चाहेको क्षेत्र स्थान खण्डः

अनुमतिपत्र बहाल रहने अवधिः

वस्तु तथा सेवा उपयोग गर्दा पालन गर्नु पर्ने शर्तः

अनुमतिपत्र दस्तुरः

दस्तखत

....................

अनुमतिपत्र प्रदान गर्नेको दस्तखत

........................................................

**अनुसूची- ५**

(नियम २१ को उपनियम (२) को खण्ड (ठ) सँग सम्बन्धित)

**वार्षिक प्रतिवेदनमा समावेश हुनुपर्ने विषयहरु**

१. प्रदेशभित्रका तालहरुको जिल्लागत विवरण।

| क्र स | तालको नाम | ठेगाना | लम्बाइ | चौडाइ | गहिराइ | क्षेत्रफल | जलाधारको क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |

२. ताल तथा जलाधार व्यवस्थापन कार्ययोजना तयारी क्रममा रहेका,स्वीकृत भएका तथा कार्यान्वयन तालहरुको विवरण।

| क्र स | तालको नाम | ठेगाना | कार्ययोजना | | कार्यान्वयन | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | बन्दै गरेको | स्वीकृत मिति | भएको मिति | हुने मिति | |
| | | | | | | | |

३.ताल तथा जलाधार व्यवस्थापन कार्ययोजना कार्यान्वयनबाट भएका तालगत उपलब्धीहरु ।

४. ताल तथा जलाधार व्यवस्थापन कार्ययोजना कार्यान्वयनमा देखा परेका समस्याहरु र समाधानका उपायहरु ।

५. स्थानीय तालहरुको तालगत वार्षिक आम्दानी खर्च विवरण ।

६. ताल क्षेत्रबाट बिक्रीवितरण भएका वस्तु तथा सेवाहरुको विवरण ।

७. गत आ व को वार्षिक कार्यक्रम र प्रगति विवरण ।

**अनुसूची- ६**

(नियम ३२ सँग सम्बन्धित)

**<u>शपथ</u>**

म ..................................जनताप्रति पूर्ण वफादार रही मुलुक र .. सत्य निष्ठापूर्वक प्रतिज्ञा गर्दछु/ ईश्वरको नाममा शपथ लिन्छु कि नेपालको राजकीय सत्ता र सार्वभौमसत्ता नेपाली जनतामा निहित रहेको नेपालको संविधानप्रति पूर्ण वफादार रहँदै .................**समितिको सदस्य / कार्यकारी प्रमुख / स्थानीय ताल संरक्षण समितिको सदस्य** पदको कामकाज प्रचलित कानूनको अधीनमा रही मुलुक र जनताको सोझो चिताइ, कसैको डर नमानी, पक्षपात नगरी, पूर्वाग्रह वा खराब भावना नलिई इमान्दारिताका साथ गर्नेछु र आफ्नो कर्तव्य पालनाको सिलसिलामा आफुलाई जानकारीमा आएको गोप्य राख्नु पर्ने कुरा म पदमा बहाल रहँदा वा नरहँदा जुनसूकै अवस्थामा पनि कानूनको पालन गर्दा बाहेक अरु अवस्थामा कुनै किसिमबाट पनि प्रकट वा सङ्केत गर्ने छैन ।

..............

मितिः दस्तखत

**आज्ञाले**

**यम प्रसाद पोखरेल**

**प्रदेश सरकारको सचिव**

**मुद्रक :** आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश सरकार, गण्डकी प्रदेश । मूल्य रु ५०।-